World Vision

# वार्षिक प्रगति प्रतिवेदन आ.व. २०२५

(अक्टोबर २०२४-सेप्टेम्बर २०२५)






# हाम्रो परिचय

वर्ल्ड भिजन बालबालिका केन्द्रित राहत, विकास र पैरवी गर्ने संस्था हो जसले विश्वमा जोखिममा रहेका लाखौं बालबालिकाको जीवनमा परिवर्तन ल्याउन सहयोग पुर्‍याएको छ । वर्ल्ड भिजनले स्थानीय समुदायहरू, नागरिक समाज, स्थानीय साझेदार, सरकार, दातृ निकाय तथा निजी क्षेत्रहरूसँगको समन्वय, पारस्परिक सहभागिता, आपसी विश्वास, उत्तरदायित्व र जिम्मेवारी मार्फत साझा लक्ष्य र दृष्टिकोण बनाउँदै बालबालिकाको हितमा काम गर्न सकिन्छ भन्ने विश्वास राख्दछ । हामी इसाई आस्थामा आधारित संस्था हौं, जसले जातजाति, सम्प्रदाय लिङ्ग वा धर्मको आधारमा भेदभाव नगरी बालबालिका र परिवारहरू सबैको सेवा गर्दछ ।

वर्ल्ड भिजन इन्टरनेशनल विश्वका करीब १०० देशहरूमा कार्यरत छ जस मध्ये वर्ल्ड भिजन इन्टरनेशनल नेपाल एक हो । वर्ल्ड भिजन इन्टरनेशनलले नेपालमा सन् २००१ देखि दीर्घकालीन विकासका कामहरू मार्फत बालबालिकाको सम्बृद्धिका लागि आफ्नो कार्यक्रमहरूको सुरुवात गरेको हो । हाल वर्ल्ड भिजन इन्टरनेशनल नेपाल उदयपुर, सर्लाही, महोत्तरी, रौतहट, सिन्धुली, काठमाण्डौ, ललितपुर, लमजुङ, जुम्ला, कैलाली, कन्चनपुर, अछाम, डोटी, दैलेख, जाजरकोट, बाँके र बझाङ् गरी सात प्रदेशका सत्र जिल्लामा क्रियाशील छ ।

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले स्थानीय समुदायमा नवप्रर्वतन सहित एकीकृत क्षेत्रीय कार्यक्रमहरू मार्फत आफ्नो राष्ट्रिय रणनीति लागू गर्दछ । हाल वर्ल्ड भिजनले बालबालिकाको सम्बृद्धिको लागि, समावेशी र गुणस्तरीय शिक्षा, संरक्षण र समुदायिक संलग्नता, पोषण तथा उत्थानशील जीविकोपार्जनका साथै क्रसकटिङ एजेन्डाहरूका रूपमा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण र जलवायु परिवर्तनको क्षेत्रमा आफ्ना कार्यक्रमहरू लक्षित गरेको छ ।

## हाम्रो वित्तीय स्रोत

हामीले हाम्रा सहयोगी साझेदारहरू (Support Partners) मार्फत निजी दाताहरू र दातृ निकायहरूबाट वित्तीय सहयोग प्राप्त गर्दछौं ।

## हाम्रो मूलभूत मान्यताहरू

हामी इसाई आस्थामा विश्वास गर्छौं
हामी गरिब तथा असहायहरूप्रति प्रतिबद्ध छौं
हामी मानिसको कदर गर्छौं
हामी कारिन्दा हौं, हामी साझेदार हौं
हामी उत्तरदायी छौं

## हाम्रो दर्शन

हाम्रो दर्शन, प्रत्येक बालबालिकाको जीवनको सम्पूर्णता ।

हाम्रो प्रार्थना, प्रत्येक हृदयमा त्यस्तै गर्ने चाहना ।

***हाम्रो संयुक्त प्रयासबाट गरिबीको मूल कारणहरूलाई सम्बोधन गर्दै २० करोडभन्दा बढी जोखिममा परेका बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सफल भएका छौं ।***

# हाम्रा मुख्य कार्यक्षेत्रहरू

**शिक्षा**
बालबालिकाका लागि गुणस्तरीय, सुरक्षित र समावेशी आधारभूत शिक्षाको पहुँच

**पोषण**
बालबालिकामा हुने कुपोषण कम गर्न स्वास्थ्य, जीविकोपार्जन/खाद्य सुरक्षा र खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी एकीकृत कार्यहरू

**उत्थानशीलता**
जलवायु परिवर्तन, विपद् र आर्थिक संकटको सामना गर्न सामुदायिक उत्थानशीलतामा वृद्धि

**संरक्षण**
जोखिममा परेका र पर्न सक्ने समूहहरूको संरक्षणमा जोड

### वर्ल्ड भिजन इन्टरनेशनल नेपालको २०२६-२०३०को रणनीतिक चक्रको लागि निर्धारित लक्ष्य

आर्थिक वर्ष २०८१/८२ सम्म हामीले '०.८ मिलियन (८ लाख) बालबालिकाको, विशेष गरी सबैभन्दा जोखिममा रहेका बालबालिकाको, जीवनस्तरमा सुधार गर्ने' हाम्रो लक्ष्य सफलतापूर्वक हासिल गरेकोमा हामी गर्व गर्दछौं ।

# हाम्रो यात्रा

**१ सीमापार मानवीय सहायता (१९८२-१९९३)**
औपचारिक दर्ता हुनुअघि नै, वर्ल्ड भिजनले नेपालमा स्वास्थ्य सेवा, बाढी राहत तथा आपतकालीन मानवीय सहायता मार्फत सीमापार सहयोग प्रदान गरेको थियो ।

**२ आशाको किरण (२००१-२००५)**
नेपालमा औपचारिक रूपमा स्थापना भएपछि, वर्ल्ड भिजनले आठ वटा क्षेत्रीय विकास कार्यक्रमहरू सुरु गर्दै बाल स्पोन्सरशिप, स्वास्थ्य, शिक्षा तथा समुदाय विकासलाई अन्य पछाडि परेका जिल्लाहरूमा विस्तार गरेको थियो ।

**३ सँगसँगै अझ सशक्त बन्दै (२००६-२०१०)**
हाम्रा कार्यक्रमहरू १२ वटा जिल्लासम्म विस्तार गर्दै पोषण, शिक्षा तथा बाल अधिकार प्रवर्द्धनलाई थप सुदृढ बनाइयो। राष्ट्रिय बाल नेतृत्व सम्मेलन आयोजना गरियो र नयाँ बहुवर्षीय राष्ट्रिय रणनीति अपनाइयो ।

**४ उत्थानशील समुदाय निर्माण (२०११-२०१४)**
हाम्रो ध्यान प्रत्यक्ष सेवा वितरणबाट स्थानीय सुशासन र प्रणाली सुदृढीकरणतर्फ केन्द्रित भयो । बालमैत्री सुशासनका मोडेलहरूलाई विस्तार गरियो र मोबाइल स्वास्थ्य क्षेत्रमा गरिएको नवप्रवर्तनका लागि अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त भयो ।

**५ विपद् र पुनःउत्थान (२०१५-२०१८)**
२०१५ को गोरखा भूकम्पपछि नेपालमा सबैभन्दा ठूलो मानवीय प्रतिकार्य सञ्चालन गरियो, जसमा करिब ४ लाख मानिसहरूलाई सहायता पुगेको थियो पुनःउत्थान कार्यक्रमहरू निरन्तर जारी रहँदा राष्ट्रिय स्तरको बालविवाह रोकथाम अभियान पनि सुरु गरिएको थियो।

**६ नवप्रवर्तन र उत्थानशीलता (२०१९-२०२०)**
कार्यक्रम कार्यान्वयनलाई सुदृढ बनाउन डिजिटल प्लेटफर्म तथा ब्लकचेन उपकरणहरूको विस्तार गरिएको थियो। त्यस्तै, कोभिड -१९ को द्रुत प्रतिकार्यमार्फत १५ वटा जिल्लामा करिब ७ लाख मानिसहरूले सेवा पाएका थिए ।

**७ रूपान्तरण र प्रभाव (२०२१-२०२५)**
पाँच वर्षीय राष्ट्रिय रणनीति अन्तर्गत ८ लाख बालबालिकाको दिगो सम्वृद्धिलाई लक्ष्य बनाइएको थियो। इनफ (ENOUGH) अभियानले बाल भोकमरी र कुपोषणको समस्यालाई सम्बोधन गर्दै २५ वर्षको प्रभावकारी यात्राको समापन गऱ्यो र २०२६-२०३० का लागि एक साहसिक नयाँ राष्ट्रिय रणनीति सुरु गरियो ।

## वर्ल्ड भिजन सहयोगी कार्यालयहरू

- वर्ल्ड भिजन हङकङ
- वर्ल्ड भिजन कोरिया
- वर्ल्ड भिजन अस्ट्रेलिया
- वर्ल्ड भिजन क्यानडा
- वर्ल्ड भिजन स्विट्जरल्याण्ड
- वर्ल्ड भिजन युनाइटेड किङ्डम
- वर्ल्ड भिजन सिङ्गापुर
- वर्ल्ड भिजन मलेसिया
- वर्ल्ड भिजन युनाइटेड स्टेट्स
- वर्ल्ड भिजन जापान
- वर्ल्ड भिजन ताइवान
- वर्ल्ड भिजन आयरल्याण्ड

## Key Donors

- परराष्ट्र मामिला तथा व्यापार विभाग (DFAT)
- स्टार्ट फण्ड (FCDO)
- कम्युनिटी चेस्ट अफ कोरिया (CCK)- दक्षिण कोरिया सरकार
- परराष्ट्र मन्त्रालय (MoFA) जापान

**२५** वर्षदेखि कार्यरत


**७** प्रदेश

**७७** जिल्ला

**२७** साझेदार संस्था

**१६०+** कर्मचारी

# कार्य क्षेत्रहरू




### हाम्रा प्राविधिक कार्यक्रमहरू

- संरक्षण र समुदायिक संलग्नता तथा स्पोनसरशिप योजना
- पोषण तथा उत्थानशील जीविकोपार्जन
- समावेशी र गुणस्तरीय शिक्षा

# राष्ट्रिय निर्देशकको सन्देश



पूर्ण कृतज्ञता र उद्देश्यप्रतिको गहिरो लगावका साथ म आर्थिक वर्ष २०२५ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दछु । बालबालिकाहरूको हितका लागि समुदाय, साझेदार र एक समर्पित टोली एकजुट हुँदा के-कस्ता परिवर्तनहरू सम्भव हुन्छन् भन्ने कुराको यो एक जीवन्त प्रमाण हो ।

नेपालका बालबालिका अझै पनि उल्लेखनीय उत्थानशीलता र निरन्तर चुनौतीका बीच गरिबी, भौगोलिक विकटता, बारम्बार आइपर्ने बाढी र पहिरो, जलवायु परिवर्तनका जोखिम र जरा गाडेर बसेका सामाजिक असमानताहरू अझै पनि धेरै बालबालिकाको जीवनमा पूर्णता का लागि बाधक बनेका छन् । तर, यिनै यथार्थका बावजुद वर्ल्ड भिजन इन्टरनेशनल नेपालको जिम्मेवारी थप जरूरी र अर्थपूर्ण बनेको छ । हाम्रो उद्देश्य जहिले पनि सबैभन्दा बढी जोखिममा रहेकाहरूसँगै मिलेर काम गर्ने र प्रत्येक बालबालिकाले जीवनको पूर्णता प्राप्त गरून् भन्ने हाम्रा मूल्य-मान्यता र दृढ विश्वासबाट निर्देशित रहेको छ ।

आर्थिक वर्ष २०२५ मा हामी १७ जिल्लाका ४,४८,३४२ व्यक्तिहरूमाझ पुग्न सफल भयौं, जसमा ३,०७,९६१ बालबालिका थिए  र तीमध्ये १,०७,५६९ अति जोखिममा रहेका बालबालिका थिए । यी केवल तथ्याङ्क मात्र होइनन् । प्रत्येक संख्याको पछाडि एकजना बालबालिका छ जसले राम्रो कक्षाकोठामा आत्मविश्वासका साथ पढिरहेको छ एकजना आमा छिन् जसले आफ्नो सन्तान को पोषण सम्बन्धी आवश्यकता बुझेकी छिन्, एउटा परिवार छ जसको घर विपद् प्रतिरोधी बनेको छ र एकजना किशोरी छिन् जसले बालविवाहको साटो आफ्नो भविष्य आफैं रोजेकी छिन् । समावेशी र गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण, संरक्षण, उत्थानशील जीविकोपार्जन, विपद् जोखिम व्यवस्थापन र नवप्रवर्तनहरूलाई समेट्ने हाम्रो एकीकृत दृष्टिकोणले बालबालिकाको हितका कुनै पनि पक्षलाई एकाङ्गी रूपमा नभई समग्र रूपमा सम्बोधन गरेको सुनिश्चित गर्दछ ।

बालबालिकाको सहभागिता र नीतिगत प्रभावको क्षेत्रमा हामीले यस वर्ष हासिल गरेको प्रगतिप्रति म विशेष गर्व गर्दछु । संघीय, प्रादेशिक र स्थानीय तहमा ३६ वटा बाल-सम्बन्धित नीति र निर्देशिकाहरूको स्वीकृति हुनुले सरकारसँगको निरन्तर पैरवी र अर्थपूर्ण सहकार्यको शक्तिलाई झल्काउँछ । पेरिसमा आयोजित 'वृद्धिको लागि पोषण समिट' मा एक नेपाली बालिकाले विश्वव्यापी नेताहरूसमक्ष आफ्नो आवाज राख्ने मौका पाइन्, जसले हामीले सेवा गर्ने बालबालिका केवल लाभार्थी मात्र नभई उनीहरू आफैंमा परिवर्तनका संवाहक पनि हुन् भन्ने कुराको बलियो प्रमाण दिएको छ । त्यस्तै, बाल मानव अधिकार रक्षक र बालबालिकाको नेतृत्वमा भएको 'विश्वव्यापी आवधिक समीक्षा' प्रक्रियाले बालबालिकालाई आफ्नो भविष्यको आकार आफैं कोर्नका लागि सशक्त आवाज प्रदान गरेको छ ।

यो कुनै पनि प्रगति हाम्रो एक्लो प्रयासबाट सम्भव भएको होइन । यो २७ वटा साझेदार संस्थाहरू, स्थानीय तथा संघीय सरकार, समुदाय, अन्तर-धार्मिक गुरूहरू, बालबालिका, परिवार, स्वयंसेवक र नेपालका बालबालिकाको क्षमतामा विश्वास गर्ने ११ देशका स्पोन्सरहरूसँगको साझेदारीको फल हो । म तपाईंहरू प्रत्येकलाई हार्दिक आभार व्यक्त गर्दछु । तपाईंहरूको विश्वास, उदारता र सहकार्यले नै यो रूपान्तरण सम्भव भएको हो । आर्थिक वर्ष २०२५ हाम्रो संस्थागत यात्रामा एक महत्वपूर्ण मोड हो । यसै वर्ष हामीले हाम्रो पाँच-वर्षीय राष्ट्रिय रणनीति (२०२१-२०२५) सम्पन्न गरेका छौं– यो एक अध्याय हो जहाँ हामीले प्रमाणमा आधारित कार्य गर्दै समुदायमा आफ्नो जगलाई गहिरो बनायौँ र सबैभन्दा बढी आवश्यकता भएका बालबालिकामा आफ्नो ध्यान केन्द्रित गऱ्यौं । रणनीति सम्पन्न गर्नु केवल प्रशासनिक उपलब्धि मात्र होइन; यो हामीले के निर्माण गऱ्यौं, के सिक्यौँ र अझै के गर्न बाँकी छ भन्ने विषयमा आत्म-समीक्षा गर्ने अवसर पनि हो । हामीले राखेको जगप्रति हामी गर्व गर्दछौँ र ती सिकाइहरू लाई विनम्रता र दृढताका साथ अगाडि बढाउनेछौँ ।

हाम्रो नयाँ रणनीतिको शुभारम्भसँगै हामी स्पष्ट उद्देश्य, सुदृढ साझेदारी र नेपालका बालबालिकाका लागि आफ्नो पहुँच विस्तार र प्रभावलाई थप प्रभावकारी बनाउने दृढ प्रतिबद्धताका साथ अर्को अध्यायमा प्रवेश गर्दैछौँ । भविष्यतर्फ हेर्दा हामी सीमान्तकृत समुदायलाई प्राथमिकता दिने, स्थानीय नेतृत्वमा आधारित समाधानहरूमा लगानी गर्ने, प्रणालीहरू सुदृढ बनाउने र हामीले सेवा गर्ने समुदायप्रति आफूलाई जवाफदेही बनाउने कार्यलाई निरन्तरता दिनेछौँ। हामी मिलेर एक यस्तो नेपाल निर्माण गर्नेछौँ जहाँ प्रत्येक बालबालिका सुरक्षित, सुपोषणयुक्त, शिक्षित र आफ्नो जीवनमा सफल बन्न सशक्त हुनेछन् भन्ने कुरामा म पूर्ण विश्वस्त छु ।


कृतज्ञताका साथ,

**रोजलिन एच. गेब्रियल**

**राष्ट्रिय निर्देशक**

**वर्ल्ड भिजन इन्टरनेशनल नेपाल**

# विषय सूची




| | |
|---|---|
| हाम्रो परिचय | ३ |
| समावेशी तथा गुणस्तरीय शिक्षा | १३ |
| पोषण तथा उत्थानशील जीविकोपार्जन | १८ |
| संरक्षण र सामुदायिक संलग्नता | २८ |
| विपद् जोखिम व्यवस्थापन र मानवीय प्रतिकार्य | ३२ |
| लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण | ३६ |
| कार्यक्रम जवाफदेहिता | ४२ |
| पैरवी र अभियान | ४४ |
| बाल स्पोन्सरशिप | ५० |
| नेपाल इनोभेसन ल्याब | ५१ |
| अनुदान परियोजनाहरू | ५३ |
| हाम्रा साझेदार संस्थाहरू | ६६ |


# आर्थिक वर्ष २०२५ मा कार्यक्रम सहभागीहरूको संख्या

| | |
|---|---|
| ४,४८,३४२ | कुल लाभान्वित |
| ३,०७,९६१ | बालबालिका |
| १,४०,३८१ | वयस्क |
| १,०७,५६९ | अति जोखिममा रहेका बालबालिका |
| ५४,४०४ | जोखिममा रहेका बालबालिका |
| ७७,१८४ | दर्ता भएका बालबालिका |
| ५३,५४७ | अति जोखिममा रहेका परिवार |
| ४,१४१ | अपाङ्गता भएका व्यक्ति |
| ७,५४५ | विद्यालय बाहिर रहेका बालबालिका |
| २०.३८% | दलित समुदायका सहभागी |

# कार्यक्रमको प्रभाव



वर्ल्ड भिजन इन्टरनेशनल नेपालले बालबालिकाको हितका मुख्य आयामहरूलाई सम्बोधन गर्न एकीकृत कार्यक्रमहरू कार्यान्वयन गरेको छ । यी कार्यक्रमहरू गुणस्तरीय शिक्षाको पहुँचमा सुधार, स्वास्थ्य र पोषण सेवाहरूको सुदृढीकरण, उत्थानशील जीविकोपार्जनमा सहयोग, बालबालिकालाई हिंसाबाट सुरक्षा, र विपद्को सामना गर्न सामुदायिक उत्थानशीलता सुदृढ गर्ने कार्यमा केन्द्रित रहेका थिए ।

यो कार्य परिवारहरूलाई सशक्त बनाउने, स्थानीय संस्थाहरूलाई सुदृढ गर्ने र दीर्घकालीन उत्थानशीलता निर्माण गर्ने समुदायमा आधारित पद्धतिहरूमार्फत सम्पन्न गरिएको छ ।



# समावेशी तथा गुणस्तरीय शिक्षा

नेपालका धेरै बालबालिका, विशेष गरी दुर्गम समुदाय, सीमान्तकृत घरधुरी, र गरिबी वा विपद् प्रभावित क्षेत्रमा बस्नेहरूका लागि गुणस्तरीय र समावेशी शिक्षामा पहुँच अझै पनि एक चुनौतीको रूपमा रहेको छ । सीमित सिकाइ स्रोतहरू, अपर्याप्त पूर्वाधार, र शिक्षकहरूको अपर्याप्त क्षमताले प्रायः बालबालिकाको सिकाइमा बाधा पुऱ्याइरहेको हुन्छ ।

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको 'समावेशी तथा गुणस्तरीय शिक्षा' कार्यक्रमले बालबालिकाले सुरक्षित, समावेशी र बालमैत्री वातावरणमा सिक्न पाउने कुरा सुनिश्चित गर्न कार्य गर्दछ। यो कार्यक्रम दिगो विकास लक्ष्य ४ सँग मेल खान्छ र नेपालको 'विद्यालय शिक्षा क्षेत्र योजना' २०२२-२०३२ मा योगदान पुऱ्याउँछ ।

यस कार्यक्रमले निम्न पद्धतिहरूमार्फत शिक्षामा समग्र सुधारलाई प्रवर्द्धन गर्दछः

- साक्षरता प्रवर्द्धन (Unlock Literacy – UL)
- बाल्यकालीन विकास (Learning Roots – LR)
- नागरिक आवाज र कर्तव्य (Citizen Voice and Action – CVA)
- बृहत् विद्यालय सुरक्षा (Comprehensive School Safety – CSS)
- पूरक सिकाइ कार्यक्रम (Catch–Up Programme – CUP)



## मुख्य उपलब्धिहरू



**७२ कक्षाकोठा**
बालमैत्री बस्ने व्यवस्था

**२८ कक्षाकोठा**
कक्षाकोठा निर्माण/जीर्णोद्धार

**४३८ कक्षाकोठा**
कक्षाकोठामा 'पढाइ कुना' स्थापना

**१,५०० घरधुरी**
घरमा पढाइ कुना (Reading Corner) निर्माणमा सहयोग

**४१० वटा**
घुम्ती सिकाइ कार्यक्रमहरू (Mobile learning events)

**३१९ बालबालिका**
विद्यालय बाहिर रहेका बालबालिकाका लागि 'पुनः प्रवेश' कक्षाहरू

**२७,४४१ बालबालिका**
अपाङ्गता पहिचान परीक्षण

**४३८ कक्षाकोठा**
छापामय (Print-rich) सिकाइ सामग्री

**३२ वटा**
विद्यालयहरूमा सुधारिएको खानेपानी, सरसफाइ र स्वच्छता (WASH) सुविधा

**७८४ बालबालिका (छात्र-४२१, छात्रा-३६३)**
विद्यालयहरूमा सुधारिएको खानेपानी, सरसफाइ र स्वच्छता (WASH) सुविधा

**९,७२० हेरचाहकर्ता**
सकारात्मक अभिभावकत्व सत्र

**४१३ जना**
तालिम प्राप्त शिक्षकहरू

**२७० वटा**
विद्यालय भर्ना अभियान

**३७२ पढाइ शिविर**
पढाइ तथा गणित क्लबहरू

**११८ बालबालिका**
सहयोगी सामग्री/उपकरण वितरण

**१८८ वटा**
विपद् पूर्वतयारी कृत्रिम अभ्यास

**८ वटा विद्यालयमा**
डिजिटल शिक्षाका लागि १६० वटा कम्प्युटरसहित कम्प्युटर ल्याब स्थापना

**५ स्थानीय सरकार**
स्थानीय शिक्षा नीति निर्माणमा सहयोग

**११० विद्यालय**
विद्यालय विपद् जोखिम न्यूनीकरण योजना निर्माण

**२४० समूह**
विद्यालय व्यवस्थापन समिति र अभिभावक-शिक्षक संघ क्षमता अभिवृद्धि

**१४६ विद्यालय**
वर्ल्ड भिजनको सहयोगमा विद्यालय सुधार योजना (SIP) निर्माण

## बालबालिकामा परेको प्रभाव

पढाइ शिविर, कक्षाकोठाका पुस्तकालय कुना र शिक्षकहरूको क्षमता अभिवृद्धिमार्फत बालबालिकाले पढ्ने अभ्यास गर्ने, आधारभूत सिकाइ सीपलाई सुदृढ गर्ने र कक्षाकोठामा सक्रिय रूपमा सहभागी हुने थप अवसरहरू प्राप्त गरखे।

अपाङ्गता भएका बालबालिकाहरू पनि परीक्षण र सहयोगी सामग्रीको सहयोगबाट लाभान्वित भएका छन्, जसले उनीहरूलाई विद्यालयका क्रियाकलापहरूमा पूर्ण रूपमा सहभागी हुन सक्षम बनाएको छ ।

अभिभावक संलग्नता सत्रहरू, विद्यालय व्यवस्थापन समिति र नागरिक आवाज र कर्तव्य समूहहरूमार्फत सामुदायिक सहभागितामा वृद्धि भएको छ, जसले समुदायलाई सुधारिएको शिक्षा सेवाका लागि पैरवी गर्न मद्दत पुऱ्याएको छ ।



## परिवर्तनको कथा

### बालबालिकाका लागि सुरक्षित सिकाइ स्थलको निर्माण

बझाङ जिल्लाको जालपा आधारभूत विद्यालयले कुनै समय जीर्ण पूर्वाधारको समस्या झेलिरहेको थियो, जसले विद्यार्थी र शिक्षकहरूको सुरक्षामा जोखिम निम्त्याएको थियो। विद्यालयको पुरानो भवन भारी वर्षाको समयमा चुहिने गर्थ्यो, कक्षाकोठाहरू पर्याप्त थिएनन् र सिकाइ सामग्रीहरू पनि सीमित थिए । फलस्वरूप, बालबालिकाले प्रायः असुरक्षित महसुस गर्थे र उनीहरूको सिकाइमा बारम्बार बाधा पुग्ने गर्थ्यो ।

वर्ल्ड भिजन र स्थानीय साझेदारहरूको सहयोगमा विद्यालयले नयाँ कक्षाकोठा भवन, सुधारिएको बस्ने व्यवस्था र थप सिकाइ सामग्रीहरू प्राप्त गऱ्यो। साथै, बालबालिकाको सिकाइमा सुधार ल्याउन शिक्षकहरूलाई बाल-केन्द्रित शिक्षण पद्धतिमा तालिम समेत दिइयो ।

आज, विद्यालयले सुरक्षित र सहयोगी सिकाइ वातावरण प्रदान गर्दछ । विद्यार्थीहरू कक्षामा बस्दा सुरक्षित महसुस गर्छन् र सुधारिएका सुविधाहरूले शिक्षकहरूलाई अझ प्रभावकारी रूपमा कक्षा सञ्चालन गर्न मद्दत पुऱ्याएको छ । अहिले बालबालिकाहरू सिकाइ क्रियाकलापमा बढी सक्रियताका साथ सहभागी हुन्छन् र नियमित रूपमा विद्यालय जाने गर्दछन् ।

# पोषण र उत्थानशील जीविकोपार्जन





## स्वास्थ्य र पोषण

कुपोषण र मातृ तथा बाल स्वास्थ्य सेवामा सीमित पहुँचले नेपालका धेरै समुदायहरूलाई, विशेष गरी जोखिममा रहेका र सीमान्तकृत परिवारहरूलाई अझै पनि प्रभाव पारिरहेको छ। पोषण सम्बन्धी अभ्यासहरूको बारेमा सीमित चेतना, अपर्याप्त खानेपानी, सरसफाइ र स्वच्छता (WASH) सुविधाहरू र स्वास्थ्य सेवा प्राप्त गर्नका लागि रहेका बाधाहरूले आमा र बालबालिकाको स्वास्थ्य अवस्थामा प्रतिकूल असर पुऱ्याइरहेका छन् ।

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको स्वास्थ्य र पोषण कार्यक्रमले आमा र बालबालिकाले स्वस्थ जीवनका लागि आवश्यक सेवा र ज्ञान प्राप्त गरून् भन्ने सुनिश्चित गर्न सामुदायिक चेतना र स्थानीय स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउँदछ ।

## कार्यक्रम पद्धति

**कार्यक्रमका मुख्य रणनीतिहरू यस प्रकार छन् :**

- सकारात्मक पोषण चुल्हो (पी डी हर्थ) जस्ता समुदायमा आधारित पोषणका पहलहरू
- स्वास्थ्यकर्मी र स्वयंसेवकहरूको क्षमता अभिवृद्धि
- सामुदायिक सचेतना अभियानमार्फत सामाजिक तथा व्यवहार परिवर्तन सञ्चार
- नागरिक आवाज र कर्तव्य मार्फत स्थानीय सुशासन र नागरिक संलग्नताको सुदृढीकरण
- स्वास्थ्य सेवा प्रवाहलाई मजबुत बनाउन सरकारी निकायहरूसँगको साझेदारी

यी पद्धतिहरूले स्वास्थ्य सेवाको उपलब्धता र स्वास्थ्य तथा पोषण सम्बन्धी घरधुरीको व्यवहार दुवैमा सुधार ल्याउने लक्ष्य राख्दछन् ।

## मुख्य उपलब्धिहरू

**३२ वटा**
नयाँ आमा समूह गठन र ५४६ वटा पुराना समूहहरूलाई थप सहयोग

**८,२०९ जना**
गर्भवती तथा सुत्केरी आमाहरूले सेवा पाएका

**५३२ जना**
तालिम प्राप्त महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू (FCHVs)

**३४,३९८ जना**
वृद्धि अनुगमन र प्रवर्द्धन सेवा प्राप्त गरेका बालबालिका

**९,९३० जना**
सकारात्मक पोषण चुल्हो (PD) समूहमा सहभागी भएका कुपोषित बालबालिका

**७,६८० जना**
घरधुरी भेटमार्फत नियमित अनुगमन गरिएका बालबालिका

**३,९४४ जना**
पर्याप्त तौल वृद्धि हासिल गरेका बालबालिका

**३२,५९१ जना**
स्वास्थ्य परीक्षण गरिएका विद्यालयका बालबालिका

**३,६३९ जना**
विद्यालयहरूमा सञ्चालित स्वास्थ्य र पोषण पहलबाट लाभान्वित बालबालिका

**५७ वटा**
नागरिक आवाज र कर्तव्य समूह गठन र २,८४७ जना नियमित बैठकमा सहभागी।

**२,८४७ जना**
नागरिक आवाज र कर्तव्य (CVA) समूहका सहभागीहरू

**१७ वटा**
उपकरण सहयोग प्राप्त गरेका स्वास्थ्य संस्थाहरू

**३२१ जना**
कुपोषणको उपचारका लागि सिफारिस गरिएका बालबालिका

**२० जना**
किशोर-किशोरीमैत्री सेवाका बारेमा तालिम प्राप्त स्वास्थ्यकर्मी

**२३ जना**
बृहत् यौनिकता शिक्षामा तालिम प्राप्त शिक्षकहरू

**३९८ जना**
लैङ्गिक हिंसा रोकथामका बारेमा तालिम प्राप्त किशोर-किशोरी र सरोकारवालाहरू

**५३२ वटा**
महिनावारी स्वच्छता किट वितरण

**५०+**
पुनः प्रयोग गर्न मिल्ने प्याड बनाउने तालिम प्राप्त सहभागीहरू



यी पहलहरूले सामुदायिक स्वास्थ्य चेतनालाई सुदृढ बनाएका छन् र आमा तथा बालबालिकाका लागि आवश्यक सेवाहरू प्रदान गर्न स्वास्थ्य संस्थाहरूको क्षमतामा सुधार ल्याएका छन्।

## समुदायमा परेको प्रभाव

यस कार्यक्रमले परिवारहरूमा सुधारिएको पोषण अभ्यास, सुदृढ मातृ तथा बाल स्वास्थ्य सेवा, पाँच वर्ष मुनिका बालबालिकाको पोषण अवस्थामा सुधार र स्वास्थ्य तथा पोषणका बारेमा सामुदायिक चेतना वृद्धि गर्न योगदान पुऱ्याएको छ।

आमा र हेरचाहकर्ताहरूले बाल पोषण र स्वास्थ्य सेवाका बारेमा व्यावहारिक ज्ञान प्राप्त गरे भने स्वास्थ्य संस्थाहरूले उपकरण र तालिम प्राप्त गरे जसले सेवाको गुणस्तरमा सुधार ल्यायो।



## उत्थानशील जीविकोपार्जन

नेपालका धेरै परिवारहरूले सीमित आम्दानीका अवसरहरू, जलवायुजन्य संकट र खाद्य असुरक्षा जस्ता निरन्तर आर्थिक चुनौतीहरूको सामना गरिरहेका छन् । यी चुनौतीहरूले प्रायः बालबालिकाको शिक्षा, पोषण र स्वास्थ्य सेवामा पहुँच लगायत उनीहरूको समग्र हितमा असर पुर्‍याउँछन् । वर्ल्ड भिजन इन्टरनेशनल नेपालको जीविकोपार्जन कार्यक्रमले दिगो आयआर्जनका क्रियाकलापहरू र जलवायु-अनुकूल कृषिलाई प्रवर्धन गर्दै परिवारहरूको, विशेष गरी गरिबीको रेखामुनि रहेकाहरूको आर्थिक उत्थानशीलतालाई सुदृढ बनाउँदछ ।

आर्थिक वर्ष २०२५ मा, जीविकोपार्जनसम्बन्धी कार्यक्रमहरूले २०,२८० घरपरिवारलाई सहयोग पुर्‍याउँदै ३२,६६० बालबालिका र कुल ७४,०२४ जनालाई लाभान्वित गरेको छ, जसले आर्थिक उत्थानशीलता सुदृढ गर्नुका साथै खाद्य सुरक्षामा सुधार ल्याएको छ ।

## कार्यक्रमका मुख्य नतिजाहरू

बहुआयामिक गरिबी दर
४१.५%
१५.७%

नियमित बचत गर्ने घरधुरी
७२.६%
६९.५%

संकटबाट पुनरूत्थान हुन सक्षम घरधुरी
७१.९%
६४.२%

सकारात्मक सामना रणनीति अपनाउने घरपरिवारहरू
७०%
५९.५%

मध्यम वा गम्भीर खाद्य असुरक्षाको सामना गर्ने घरधुरी
५२.९%
३३.२%

पर्याप्त विविधतापूर्ण आहार लिने घरधुरी
६२.६%
५३.५%

न्यूनतम विविधतापूर्ण आहार प्राप्त गर्ने बालबालिका
६५.८%
४७.१%

सम्पत्ति सम्बन्धी निर्णय प्रक्रियामा सहभागी महिलाहरू
७५.५%
५१.४%

## मुख्य उपलब्धिहरू

**२४८ जना**
स्थानीय बजार सहजकर्ताहरू स्थापना

**१,०१४** उत्पादक समूहहरूलाई सहयोग (**१८,५००** भन्दा बढी कृषकहरू लाभान्वित)

**५,६३१**
जलवायु-अनुकूल कृषिमा तालिम प्राप्त परिवार

**१०१ वटा**
जलवायुसम्बन्धी कृषक पाठशाला स्थापना

**१८,८७५**
रैथाने बालीका बारेमा अभिमुखीकरण पाएका परिवार

**१,२५६**
गरिबी निवारण कार्यक्रमबाट सहयोग प्राप्त घरधुरी

**१,८९०**
वैकल्पिक जीविकोपार्जनका उपायहरू अपनाएका परिवार

**३५९ जना**
सीप विकास तालिम प्राप्त युवाहरू

**१६,२०२ जना**
बजार साक्षरतामा तालिम प्राप्त महिलाहरू

**४,३८७ जना**
आर्थिक सशक्तीकरण कार्यक्रममार्फत सहयोग प्राप्त महिलाहरू

**८५ वटा**
पोषणका लागि बचत समूहहरू स्थापना



# परिवर्तनको कथा

## बाख्रापालनले परिवारको जीविकोपार्जनमा ल्याएको सुधार

बेसीशहर नगरपालिका, लमजुङकी ४७ वर्षीया लक्ष्मीलाई सानो स्तरको खेतीपातीबाट परिवारको पालनपोषण गर्न निकै कठिन थियो। सीमित आम्दानी र बढ्दो पारिवारिक जिम्मेवारीका बीच आफ्नी नातिनीलाई शिक्षा र उचित हेरचाह प्रदान गर्न उनलाई गाह्रो भइरहेको थियो।

ग्रामीण सामुदायिक विकास केन्द्र (RDC) सँगको साझेदारीमा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले सञ्चालन गरेको जीविकोपार्जन कार्यक्रममार्फत लक्ष्मीले दुईवटा बाख्रा र बाख्रापालनका उन्नत अभ्यासहरूका बारेमा तालिम प्राप्त गरिन्। उनलाई बाख्राको खोर निर्माणमा पनि सहयोग गरियो र उनी स्थानीय उत्पादक समूहको सदस्य समेत बनिन्।

समयसँगै उनको बाख्राको संख्या दुईबाट बढेर चौध पुग्यो। केही बाख्राहरू बेचेर उनले आम्दानी गरिन्, जसले घरखर्च चलाउन र नातिनीको शिक्षामा सहयोग पुऱ्यायो। उनले नातिनीको लागि बचत खाता पनि खोलिन् र आफ्नो सामुदायिक समूहमार्फत नियमित रूपमा बचत गरिरहेकी छिन्।

आज लक्ष्मी आफ्नो पशुपालन व्यवसाय व्यवस्थापन गर्न निकै आत्मविश्वासी छिन् र यसलाई थप विस्तार गर्ने योजनामा छिन्, जसले उनको परिवारको भविष्यलाई थप स्थिरता प्रदान गर्नेछ।

आफ्नो घर बाहेक, लक्ष्मीको सफलताले समुदायलाई पनि प्रेरित गरेको छ। छिमेकका कम्तीमा पाँच घरधुरीले उस्तै अभ्यासहरू अपनाउँदै शुरुवाती दुई बाख्राको सहयोगबाट आफ्नो पशुपालन व्यवसाय विस्तार गरेका छन्। कोलबाटो (१९ सदस्य) र सृजनाटोल (१५ सदस्य) लगायत यस क्षेत्रका रूपान्तरणको लागि बचत समूहहरूले प्रभावकारी सामूहिक सिकाइ र प्रगति प्रदर्शन गरेका छन्, जहाँ सबै सदस्यहरू बाख्रा र बंगुर पालनमा संलग्न छन्। समूहको बचतलाई जीविकोपार्जनमा लगानी, शिक्षा र स्वास्थ्यखर्चका लागि आन्तरिक ऋणको रूपमा सक्रिय रूपमा प्रयोग गरिन्छ। यसले यो कार्यक्रमको नमुना र रूपान्तरणको लागि बचत संयन्त्रको मिलनले कसरी समुदाय स्तरमा व्यापक प्रभाव र आर्थिक सशक्तीकरणमा योगदान पुऱ्याइरहेको छ भन्ने देखाउँछ।



# बाल संरक्षण र सामुदायिक संलग्नता




» धेरै समुदायका बालबालिकाले अझै पनि बालविवाह, लैङ्गिक हिंसा, हानीकारक परम्परागत अभ्यासहरू र आफ्नो जीवनलाई असर गर्ने निर्णयहरूमा सीमित सहभागिता जस्ता जोखिमहरूको सामना गरिरहेका छन् । यी चुनौतीहरूलाई सम्बोधन गर्न सामुदायिक सचेतना र स्थानीय बाल संरक्षण प्रणाली दुवैलाई सुदृढ बनाउनु आवश्यक छ । वर्ल्ड भिजन इन्टरनेशनल नेपालले बालबालिकालाई हिंसाबाट जोगाउन र उनीहरू राम्ररी हुर्कन सक्ने सुरक्षित र सहयोगी वातावरण प्रवर्द्धन गर्न समुदाय, साझेदार गैरसरकारी संस्थाहरू, किशोर-किशोरी, अन्तर-धार्मिक समूह र स्थानीय सरकारसँग मिलेर काम गर्दछ ।

आर्थिक वर्ष २०२५ मा, बाल संरक्षण तथा सामुदायिक संलग्नता कार्यक्रमहरूले १,६२,४९१ बालबालिका र कुल २,०७,५१८ मानिसहरूलाई सहयोग पुर्‍याउँदै स्थानीय बाल संरक्षण प्रणालीलाई सुदृढ बनाउनुका साथै समुदायहरूलाई बाल अधिकारको संरक्षण गर्न सशक्त बनाएका छन् ।

## मुख्य उपलब्धिहरू

**११ वटा**
'बालमैत्री स्थानीय शासन' घोषित नयाँ वडाहरू

**३२ वटा**
बालमैत्री स्थानीय शासन घोषणाका लागि सहयोग गरिएका कुल वडाहरू

**४१ वटा**
स्थानीय बाल अधिकार समिति गठन गर्ने स्थानीय सरकारहरू

**२२३ वटा**
वडा स्तरमा गठन गरिएका बाल अधिकार समितिहरू

**३६ वटा**
बाल कोष स्थापना गर्ने स्थानीय सरकारहरू

**३१ वटा**
तर्जुमा गरिएका स्थानीय बाल संरक्षण नीतिहरू

**१९ वटा**
बालविवाह सम्बन्धी स्थानीय रणनीतिहरू

**९ वटा**
बालश्रम सम्बोधन सम्बन्धी नीतिहरू

**१८,९२४**
बालबालिका तथा किशोर-किशोरीहरूलाई जीवनोपयोगी सीप तालिम प्रदान गरिएका

**६,५५८ जना**
सकारात्मक अभिभावकत्व सत्रमा सहभागी अभिभावकहरू

**२,०६९ जना**
मनोसामाजिक सहयोग प्राप्त व्यक्तिहरू

**३ वडा**
बालविवाहमुक्त घोषणा गरिएका

**८७ वटा**
रोकिएका बालविवाहहरू

**२४,३५० जना**
बाल क्लब र सञ्जालमा सहभागी बालबालिका

**१७७ वटा**
बाल क्लब संजालहरूलाई सहयोग

**१ वडा**
बालश्रममुक्त घोषित

यी पहलहरूले स्थानीय बाल संरक्षण प्रणालीलाई सुदृढ बनाएका छन् भने बालबालिका र किशोर-किशोरीहरूलाई आफ्नो अधिकारको प्रवर्द्धन र संरक्षणमा सक्रिय रूपमा सहभागी हुन सशक्त बनाएका छन् ।

# परिवर्तनको कथा

## किशोरीको अधिकारका लागि एक युवा अभियन्ता

रौतहट जिल्लाकी १८ वर्षीया पुनम एक यस्तो समुदायमा हुर्किएकी थिइन् जहाँ परम्परागत मान्यताहरूले अक्सर बालिकाहरूको अवसरलाई सीमित गर्ने गर्दछ। उनको समुदायका धेरै बालिकाहरूले भोग्ने साझा चुनौतीहरूमा बालविवाह र लैङ्गिक विभेद पर्दछन्।

वर्ल्ड भिजन इन्टरनेशनल नेपालद्वारा सहयोग गरिएका कार्यक्रमहरू मार्फत पुनमले जीवन उपयोगी सीप तालिम र युवा सशक्तीकरणका पहलहरूमा भाग लिइन्, जसले उनलाई आफ्नो अधिकार बुझ्न र आत्मविश्वास बढाउन मद्दत गऱ्यो। उनी बालविवाह र लैङ्गिक हिंसा जस्ता विषयहरूमा सञ्चालित बाल क्लब र सामुदायिक सचेतना कार्यक्रमहरूमा सक्रिय रूपमा सहभागी हुन थालिन्।

आज पुनम साना बालबालिकाहरूका लागि जीवन उपयोगी सीप सत्रहरू सञ्चालन गर्छिन् र आफ्नो समुदायमा बालिका शिक्षा र लैङ्गिक समानताको लागि सक्रिय रूपमा पैरवी गर्छिन्। उनले युवाहरूको नेतृत्वमा हुने छलफल र सामुदायिक संवादहरू मार्फत स्थानीय अगुवाहरूलाई पनि संलग्न गराएकी छिन्, जसले हानीकारक अभ्यासहरूबाट बालबालिकालाई जोगाउन प्रभावशाली कदम चाल्न प्रोत्साहन मिलेको छ।

उनको यो यात्राले युवाहरूलाई सशक्त बनाउँदा कसरी समुदायमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने कुरालाई प्रतिबिम्बित गर्दछ।







# विपद् जोखिम व्यवस्थापन र विपद् प्रतिकार्य

नेपाल बाढी, पहिरो, भूकम्प र खडेरी लगायतका प्राकृतिक विपद्हरूको उच्च जोखिममा रहेको छ । यी जोखिमहरूले समुदाय, विशेष गरी बालबालिका र जोखिममा रहेका घरधुरीहरूलाई गम्भीर असर पुऱ्याउन सक्छन् । वर्ल्ड भिजन इन्टरनेशनल नेपालले विपद् पूर्वतयारीलाई सुदृढ गर्न, उत्थानशीलता निर्माण गर्न, विपद्को समयमा द्रुत प्रतिकार्य गर्न र प्रारम्भिक पुनर्लाभमा सहयोग पुऱ्याउन समुदाय र सरकारी निकायहरूसँग मिलेर काम गर्दछ। वर्ल्ड भिजन इन्टरनेशनल नेपालले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको संघ (AIN) तहमा विपद् व्यवस्थापन कार्य समूहको समन्वय गरेको थियो, जसको उद्देश्य सुदृढ सहकार्य, आपसी सिकाइ र ज्ञान आदानप्रदानमार्फत सामूहिक प्रभावलाई अधिकतम बनाउनु र यसरी विपद् उत्थानशील राष्ट्र निर्माणमा योगदान पुऱ्याउनु हो ।

विपद् जोखिम व्यवस्थापन कार्यक्रमले विपद् जोखिमको बुझाइलाई प्रवर्द्धन गर्ने, सामुदायिक क्षमता अभिवृद्धि गर्ने, विपद् सुशासनमा सुधार ल्याउने र जोखिममा रहेका परिवारहरू आपत्कालीन अवस्थाको पूर्वतयारी र प्रभावकारी प्रतिकार्यका लागि सक्षम छन् भन्ने कुरा सुनिश्चित गर्ने कार्यमा केन्द्रित रहेको छ ।



## मुख्य उपलब्धिहरू

**४ वटा**
स्थानीय सरकारको विपद् जोखिम न्यूनीकरण (DRR) योजना/निर्देशिका अद्यावधिक

**९१ वटा**
सामुदायिक विपद् व्यवस्थापन सञ्चालन निर्देशिका निर्माण

**७८१ जना**
विपद् पूर्वतयारी तालिमका सहभागीहरू

**९,६00 जना**
कृत्रिम अभ्यास मार्फत तालिम प्राप्त शिक्षक तथा विद्यार्थीहरू

**१,0२९ जना**
विपद् जोखिम व्यवस्थापन (DRM) योजनाका बारेमा अभिमुखीकरण पाएका स्थानीय बासिन्दा

**६0७ जना**
कृत्रिम अभ्यासहरूमा सहभागी समुदायका सदस्यहरू

**११५ वटा**
विद्यालय सुरक्षा योजनाको पुनरावलोकन

**५२ समुदाय**
बाढी मापन सूचक (Flood markers) जडान

**६ वटा**
विपद् न्यूनीकरणका उपायहरू कार्यान्वयन

**२९0 जना**
जैविक इन्जिनियरिङ (Bio–engineering) अभ्यासहरूमा तालिम प्राप्त समुदायका सदस्यहरू

समितिहरूलाई विपद् पूर्वतयारीका सामग्री/उपकरण सहयोग

स्थानीय विपद् व्यवस्थापन समिति (LDMC): **२**, वडा विपद् व्यवस्थापन समिति (WDMC): **२0**, सामुदायिक विपद् व्यवस्थापन समिति (CDMC): **८५**

यी क्रियाकलापहरूले समुदायलाई जोखिमहरू पहिचान गर्न, विपद् पूर्वतयारी प्रणालीलाई सुदृढ बनाउन र स्थानीय सरोकारवालाहरूबीच समन्वयमा सुधार ल्याउन मद्दत पुऱ्याएका छन् ।

### आपत्कालीन प्रतिकार्य

आर्थिक वर्ष २०२५ मा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले जोखिममा रहेका समुदायहरूलाई प्रभावित पार्ने विपद्हरूमा प्रतिकार्य सञ्चालन गरेको छ ।

आपत्कालीन प्रतिकार्य पहुँच पुगेका व्यक्तिहरू

**३0,१५९ जना**
रौतहट र सिन्धुलीमा बाढी र पहिरो प्रतिकार्य

**९,0८२ जना**
मधेश प्रदेशमा खडेरी प्रतिकार्य खानेपानी, सरसफाइ र स्वच्छता (WASH सहयोग)

यस सहयोग अन्तर्गत प्रभावित घरधुरीहरूका लागि आपत्कालीन खाद्य सहायता, आवास सामग्री, खानेपानी, सरसफाइ र स्वच्छता (WASH) सेवाहरू र पोषण सहयोग समावेश थिए ।



# लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (GEDSI)




वर्ल्ड भिजन इन्टरनेशनल नेपालले विकासका पहलहरूबाट सबैभन्दा बढी जोखिममा रहेका समुदायहरू लाभान्वित हुनुपर्दछ भन्ने कुरा सुनिश्चित गर्न आफ्ना सबै कार्यक्रमहरूमा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (लै.स.अ.सा.स) दृष्टिकोणलाई एकीकृत गर्दछ ।

आर्थिक वर्ष २०२५ मा कार्यक्रमहरूले महिला, अपाङ्गता भएका बालबालिका र दलित समुदाय लगायत सीमान्तकृत समुदायहरूको समावेशीकरणलाई प्राथमिकता दिएका छन् ।

## मुख्य उपलब्धिहरू

**४,१४१ जना**
कार्यक्रममार्फत पहुँच पुगेका अपाङ्गता भएका व्यक्तिहरू

**८७ वटा**
बालविवाहका घटना सफलतापूर्वक रोकथाम वा निवारण

**१९ जना**
अन्तरधार्मिक गुरूहरूलाई घरेलु हिंसा र बालविवाह अन्त्यका लागि सामाजिक मान्यतामा परिवर्तन ल्याउने विषयमा औपचारिक रूपमा तालिम

**२७,४४१ जना**
अपाङ्गता पहिचान परीक्षण गरिएका बालबालिका

**११८ जना**
सहयोगी सामग्री/उपकरणसहयोग प्राप्त गरेका बालबालिका

**५० जना**
किशोरीहरूलाई पुन:प्रयोगयोग्य सेनेटरी प्याडसम्बन्धी तालिम

जीविकोपार्जन कार्यक्रममा सहभागी महिलाहरूको प्रतिनिधित्व **८३%** भन्दा बढी

**४,३८७ जना**
महिला आर्थिक सशक्तीकरणसम्बन्धी कार्यक्रमहरूबाट लाभान्वित

**५३२ वटा**
महिनावारी स्वच्छता व्यवस्थापन किटहरू किशोरीहरूलाई उपलब्ध

**८,२०९ जना**
गर्भवती तथा सुत्केरी आमाहरूलाई ५७८ वटा (३२ नयाँ + ५४६ विद्यमान) स्वास्थ्य आमा समूहमार्फत स्वास्थ्य तथा पोषण सेवा प्रदान

**५१ वटा**
स्थानीय तहहरूले लै.स.अ.सा.स कार्ययोजना विकास गरी अपनाएका छन्; कार्यक्रमलाई लै.स.अ.सा.स-संवेदनशीलबाट लै.स.अ.सा.स-उत्तरदायीतर्फ रूपान्तरण

यी पहलहरूले सेवा र अवसरहरू प्राप्त गर्न प्राय: बाधाहरूको सामना गर्ने बालबालिका र परिवारहरूलाई कार्यक्रमको लाभमा समावेश गरिएको सुनिश्चित गर्न मद्दत पुऱ्याएका छन् ।

## परिवर्तनको कथा

### सिर्जनशीलतामार्फत आत्मविश्वास



काठमाडौंकी १६ वर्षीया देवकी कुनै समय आत्मविश्वासको कमी र आत्म-अभिव्यक्तिका लागि सीमित अवसरका कारण निकै संघर्ष गर्थिन् । उनका आमाबुवा दैनिक ज्यालादारी श्रमिकका रूपमा लामो समय काम गर्थे, जसका कारण देवकीले विद्यालय र समुदाय दुवैतिर प्राय: एक्लो महसुस गर्ने गर्थिन् ।

वर्ल्ड भिजन र यसका साझेदार संस्थाहरूको सहयोगमा सञ्चालित कार्यक्रमहरू मार्फत देवकीले बालबालिकालाई कला, कथावाचन र सामुदायिक संलग्नताका क्षेत्रहरूमा पहिचान गर्न प्रोत्साहन गर्ने कार्यशाला र बाल अभिव्यक्ति क्रियाकलापहरूमा भाग लिइन् ।

सहजकर्ता र साथीहरूको सहयोगमा देवकीले आफ्ना चित्रहरू सार्वजनिक रूपमा प्रदर्शन गर्न र सामुदायिक सचेतनाका पहलहरूमा योगदान दिन थालिन् । समयसँगै उनको आत्मविश्वास बढ्दै गयो र उनी सिर्जनात्मक कार्यक्रम तथा युवाका पहलहरूमा एक सक्रिय सहभागी बनिन् ।

आज देवकी आत्मविश्वासका साथ आफ्ना कलाकृतिहरू साझा गर्छिन् र सामुदायिक क्रियाकलापहरूमा भाग लिन्छिन्, जसले अन्य बालबालिकालाई पनि आफ्नो क्षमतामा विश्वास गर्न प्रेरित गरेको छ । उनको यो यात्राले सिर्जनात्मक अभिव्यक्ति र बाल सहभागिताका कार्यक्रमहरूले कसरी बालबालिकाको आत्मविश्वास र हितलाई सुदृढ बनाउन सक्छन् भन्ने कुरालाई प्रतिबिम्बित गर्दछ ।

# भौतिक पूर्वाधार

आर्थिक वर्ष २०८१/८२ मा, वर्ल्ड भिजन इन्टरनेशनल नेपालले सुरक्षित सिकाइ वातावरण, पानी तथा सरसफाइ सुविधा, र विपद् पूर्वतयारी पूर्वाधारमा लगानीमार्फत कार्यक्रम क्षेत्रहरूमा समुदाय सेवाहरूलाई सुदृढ गरेको छ ।






## भौतिक पूर्वाधारका मुख्य उपलब्धिहरू:

**१६ भूकम्प प्रतिरोधी कक्षाकोठाहरू निर्माण**
» विद्यार्थीहरूका लागि सुरक्षित र सुधारिएको सिकाइ वातावरण सिर्जना गरिएको

**७ बाल, लैङ्गिक तथा अपाङ्गतामैत्री विद्यालय शौचालय निर्माण**
» प्रत्येक सुविधामा छात्राहरूका लागि ४ वटा शौचालय, छात्रहरूका लागि ४ वटा शौचालय र अपाङ्गता भएका व्यक्तिहरूका लागि १ वटा पहुँचयोग्य शौचालय समावेश गरी समावेशी सरसफाइ सेवा सुनिश्चित गरिएको

**७ सामुदायिक खानेपानी आयोजनाहरू सम्पन्न**
» सिन्धुली र उदयपुर जिल्लाका १६५ घरधुरीलाई आधारभूत खानेपानी सेवा प्रदान गरिएको

**२१ बालमैत्री धाराहरू जडान**
» सिन्धुली जिल्लाका बालबालिका र समुदायका लागि सुरक्षित र पहुँचयोग्य खानेपानी आपूर्तिमा सुधार गरिएको

**१४ विद्यालयहरूमा खानेपानी, सरसफाइ र स्वच्छता (WASH)सुविधाहरूको मर्मत**
» विद्यार्थीहरूको स्वच्छता अवस्थामा सुधार ल्याउन विद्यालयका शौचालय र हात धुने स्थानहरूको मर्मत गरिएको

**१२ कक्षाकोठाहरूको मर्मत तथा पुनःस्थापना**
» विद्यमान विद्यालयको सुरक्षा र उपयोगितामा वृद्धि गरिएको

**४ साना स्तरका विपद् न्यूनीकरणका उपायहरू कार्यान्वयन**
» सम्भावित विपद् जोखिमहरूलाई समाधान गर्न समुदायहरूलाई सहयोग गरिएको

**विपद्मा आपतकालीन पूर्वाधार सहयोग**
- ८ वटा अस्थायी आश्रयस्थल निर्माण
- ६ वटा आपतकालीन शौचालय स्थापना
- ९ वटा पानी ट्यांकी जडान
- २० वटा हातेकल जडान

यी आपतकालीन सुविधाहरूले खडेरी, बाढी र पहिरोबाट प्रभावित समुदायहरूलाई सहयोग पुऱ्याउँदै विपद्का बेला आधारभूत सेवाहरूमा पहुँच सुनिश्चित गऱ्यो ।

# कार्यक्रम जवाफदेहिता



वर्ल्ड भिजन इन्टरनेशनल नेपाल पारदर्शिता, सामुदायिक सहभागिता र सुदृढ जवाफदेहिता संयन्त्रप्रति प्रतिबद्ध रहेको छ। सन् २०१७ देखि यस संस्थाले सामुदायिक संलग्नतालाई सुदृढ बनाउन र कार्यक्रमको गुणस्तर सुधार गर्न प्रविधिमा आधारित पृष्ठपोषण प्रणाली कार्यान्वयन गर्दै आएको छ।

यसका अतिरिक्त, मानवीय प्रतिकार्य कार्यक्रमहरूसँग सम्बन्धित ३२२ वटा विशिष्ट प्रतिक्रियाहरू प्राप्त भएका थिए, जसले प्रतिकार्यको प्रभावकारिता र सामुदायिक विश्वासलाई सुदृढ बनाउन मद्दत पुऱ्यायो।

"हाम्रो वडा नं. ८ बागमती नदीको नजिकै रहेकाले वार्षिक रूपमा बाढीको जोखिममा पर्ने गर्दछ। यस वर्ष नदीको तटबन्ध भत्किँदा धेरै घर र सम्पत्तिमा क्षति पुग्यो। यस संकटको समयमा ग्रामीण विकास केन्द्र (RDC) र वर्ल्ड भिजन इन्टरनेशनल नेपालले खाद्य सहायता र गैर-खाद्य सामग्रीका किटहरू उपलब्ध गराए। समयमै भएको सहयोगका लागि हामी कृतज्ञ छौं।"

– समुदायका सदस्य, रौतहट

## सामुदायिक पृष्ठपोषण को विवरण:

### कुल प्राप्त पृष्ठपोषण :
**२८,२९३**

बालबालिकाबाट प्राप्त पृष्ठपोषण
**२९% (८,२४७)**

वयस्कहरूबाट प्राप्त पृष्ठपोषण
**७१% (२०,०४६)**

### पृष्ठपोषण को प्रकार

यक्तिगत पृष्ठपोषण
**९१%**

सामूहिक पृष्ठपोषण
**९%**

### पृष्ठपोषण सम्बोधन दर
**९९.३७%**

# पैरवी र अभियान

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले बाल-केन्द्रित नीतिहरूको प्रवर्द्धन गर्न र राष्ट्रिय तथा स्थानीय संवाद प्रक्रियामा बालबालिकाको सहभागिता सुदृढ बनाउन सरकार, नागरिक समाजका संस्थाहरू र विकास साझेदारहरूसँग सहकार्य गर्दछ । यी संलग्नताहरूले बालबालिका, समुदाय र सरोकारवालाहरूका लागि प्राथमिकताका विषयहरूमा छलफल गर्न र बालबालिकाको हितमा सहयोग पुऱ्याउने कार्यहरूलाई सुदृढ बनाउन अवसरहरू सिर्जना गर्दछन् ।

आर्थिक वर्ष २०२५ मा सरकार र साझेदारहरूसँगको निरन्तर संलग्नताका कारण संघीय, प्रादेशिक र स्थानीय तहमा बालबालिकासँग सम्बन्धित ३६ वटा नीति तथा निर्देशिकाहरूको स्वीकृतिमा योगदान पुग्यो ।



## मुख्य उपलब्धिहरू

संघीय, प्रादेशिक र स्थानीय सरकारहरूद्वारा **३६ वटा बाल- सम्बन्धित नीति र निर्देशिकाहरू अनुमोदित**

काठमाडौँमा **बाल मानव अधिकार रक्षकहरूको राष्ट्रिय सभा आयोजना** भई विभिन्न प्रदेशका बालबालिकाहरू सहभागी भई बालविवाह र बाल अधिकार जस्ता मुद्दाहरूमा छलफल सम्पन्न

**जलवायु परिवर्तनसम्बन्धी बाल तथा युवा संवाद** साझेदारहरूसँगको सहकार्यमा आयोजना गरियो, जसमा विभिन्न जिल्लाका बालबालिकाहरूले आफूलाई प्रभावित पार्ने जलवायु चुनौतीहरूबारे सुझावहरू साझा गरेका थिए

**बालबालिकाको नागरिक स्थान** (Civic Space) **र अधिकार** सम्बन्धी 'राष्ट्रिय नागरिकसमाज सम्मेलन' काठमाडौँमा सम्पन्न भयो, जसमा नागरिक समाजका संस्थाहरू शिक्षाविद् र सरोकारवालाहरूको सहभागिता थियो।

**'जोइनिङ फोर्सेस नेटवर्क' संगको सहकार्यमा:**

- बाल नेतृत्वमा सञ्चालन भएको युनिभर्सल पिरियोडिक रिभ्यु (यु पी आर) प्रक्रियामा बालबालिकाहरूले राष्ट्रिय प्रमाणीकरण कार्यशालाहरूमा सक्रिय रूपमा योगदान गर्दै संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयमा पेश गरिएको बाल प्रतिवेदनमा सहभागी भए
- सुरक्षित इन्टरनेट दिवस २०२५ को वेबिनारमा सरकारी निकाय, नागरिक समाज र युवासहित १,००० भन्दा बढी सहभागीहरू संलग्न भए

**राष्ट्रिय बाल अधिकार परिषद** सँगको सहकार्यमा ६२ जना सरकारी अधिकारी र संरक्षण सरोकारवालाहरूलाई बाल संरक्षण सूचना व्यवस्थापन प्रणाली सम्बन्धी तालिम प्रदान गरियो

वर्ल्ड भिजन र स्थानीय सरकारको सहकार्यमा वर्ल्ड भिजनको कार्यक्षेत्रभित्र **११ वटा बालमैत्री स्थानीय शासन** वडाहरू घोषित

हानीकारक सामाजिक मान्यताहरू सम्बोधन गर्न **७२ वटा अन्तर-धार्मिक संवादहरू** सम्पन्न

**५८ वटा लैङ्गिक हिंसाका घटनाहरू सम्बोधित**

**६८ वटा दाइजोमुक्त विवाहहरूलाई प्रवर्द्धन**

अन्तर-धार्मिक संलग्नतामार्फत **१,०६० जना बालबालिकालाइ** विद्यालयमा भर्ना



# इनफ अभियान (ENOUGH CAMPAIGN)

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले विश्वव्यापी ‘इनफ’ (ENOUGH) अभियानको कार्यान्वयनलाई निरन्तरता दिएको छ, जसको उद्देश्य सामुदायिक संवाद, साझेदारी र विभिन्न तहका सरोकारवालाहरूसँगको संलग्नतामार्फत बालबालिकाको भोक र कुपोषणलाई सम्बोधन गर्नु हो ।




## मुख्य उपलब्धिहरू

- सेप्टेम्बरदेखि डिसेम्बरसम्म सामुदायिक, प्रादेशिक र राष्ट्रिय पोषण संवादहरू आयोजना गरिए, जसमा बालबालिका, अभिभावक, सामुदायिक अगुवा र नीति निर्माताहरूबीच बालबालिकाको पोषणमा असर पुऱ्याइरहेका चुनौतीहरूको बारेमा छलफल गरियो ।
- वर्ल्ड भिजन र स्थानीय सरकारको सहकार्यमा वर्ल्ड भिजनको कार्यक्षेत्रभित्र ३ वटा पोषणमैत्री स्थानीय शासन (NFLG) वडाहरू घोषित ।
- छलफलहरूमा पोषिलो आहारसम्बन्धी सीमित जानकारी, विद्यालय तथा समुदायमा पत्रु खाना (जङ्क फुड)को सजिलो उपलब्धता, हानिकारक परम्परागत अभ्यासहरू, तथा पोषिलो खाना तयार गर्नका लागि पर्याप्त समयको अभाव जस्ता विषयहरू प्रकाशमा ल्याइयो ।
- पेरिसमा (२७-२८ मार्च २०२५) आयोजित ‘वृद्धिको लागि पोषण’ (N4G) सम्मेलनमा नेपालबाट एकजना बाल प्रतिनिधि सहभागी भई पोषण र खाद्य प्रणालीका बारेमा बालबालिकाको दृष्टिकोण साझा गरिन् ।
- बालबालिकाको पोषण र सिकाइ क्षमता सुधार गर्न दिवा खाजाको भूमिकाका बारेमा छलफल गर्न सरकार र साझेदारहरूसँग मिलेर ‘स्थानीय उत्पादनमा आधारित पोषिलो विद्यालय दिवा खाजा ढाँचा’ (वि.सं. २०८१) सम्बन्धी राष्ट्रिय परामर्श कार्यशाला आयोजना गरियो ।
- एकडारा गाउँपालिका, सम्सी गाउँपालिका र गरूडा नगरपालिकामा पालिका-स्तरका पोषण संवादहरू आयोजना गरिए, जसद्वारा स्थानीय नेतृत्व तथा सरोकारवालाहरूलाई पोषणसम्बन्धी प्राथमिकता र अभ्यासहरूबारे छलफलमा सहभागी गराइयो ।

# बाल स्पोन्सरशिप

आर्थिक वर्ष २०२५ मा, बाल स्पोन्सरशिप कार्यक्रमले नेपालका १७ जिल्लाका ७७,९८४ दर्ता भएका बालबालिका लाई ११ देशका स्पोन्सरहरूसँग जोडेको छ । शिक्षा, स्वास्थ्य, बाल संरक्षण र जीविकोपार्जनमा गरिएका एकीकृत पहलहरूमार्फत यस कार्यक्रमले ४,४८,३४२ व्यक्तिहरूमाझ पहुँच पुऱ्याएको छ, जसले बालबालिका, परिवार र समुदायलाई समृद्ध हुने अवसरहरूलाई सुदृढ बनाएको छ । यस कार्यक्रमले ९९,२२३ स्पोन्सर-बाल चिठ्ठी पत्र मार्फत दाता र बालबालिकाबीचको संलग्नतालाई थप प्रभावकारी बनाएको छ, जसले उनीहरूबीच अर्थपूर्ण सञ्चार र अझ बलियो सम्बन्ध सुनिश्चित गरेको छ ।

दर्ता भएका बालबालिकालाई लक्षित गर्दै सानो अवधिका समुदाय-नेतृत्वमा आधारित पहलहरू ('माइक्रो परियोजनाहरू') मार्फत सहयोग प्रदान गरिएको थियो। यी साना र व्यावहारिक परियोजनाहरू स्थानीय समूहहरूलाई आफ्नै प्राथमिकताका आवश्यकता पहिचान गरी समाधान गर्न, बालबालिकाको समृद्धिमा सुधार ल्याउन, तथा समुदायका सदस्यहरूको क्षमता सुदृढ गर्दैउनीहरूले आफैं दिगो रूपमा गतिविधि सञ्चालन गर्न सक्ने बनाउन डिजाइन गरिएका हुन् ।




यी परियोजनाहरूबाट कुल १९,४५५ जना लाभान्वित भए, जसमा १३,९६९ जना (७१.८%) बालबालिका र ५,४९६ जना (२८.२%) वयस्कहरू रहेका छन् ।

NEPAL INNOVATION LAB

# नेपाल इनोभेशन ल्याब

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले बालबालिकाको हितमा सुधार ल्याउन र सामुदायिक उत्थानशीलता सुदृढ गर्न नवीन समाधानहरूको परीक्षण र विस्तारलाई निरन्तरता दिएको छ । नेपाल इनोभेसन ल्याब (NLab) मार्फत यस संस्थाले सिकाइ, पोषणमा सचेतना, वातावरणीय दिगोपना र सुधारिएको सिकाइ वातावरणमा सहयोग पुऱ्याउने व्यावहारिक उपकरणहरू विकास गर्न साझेदारहरू र वर्ल्ड भिजनको विश्वव्यापी नवीनता सञ्जालसँग सहकार्य गर्दछ ।



## आर्थिक वर्ष २०२५ का मुख्य पहलहरू:

**'पोषण संग्रह' बोर्ड गेमको विकास**
**५,000**
वटा बोर्ड गेम वितरण गरिएको, जसले बालबालिकामा स्वस्थ खानपानको छनोटलाई प्रवर्द्धन गर्दछ ।

प्लास्टिक पुन:प्रयोग **३,000 किलो** प्लास्टिकलाई पुन:प्रयोग गरी कक्षाकोठाको इन्सुलेसन (तापक्रम अनुकूलन) सामग्रीमा रूपान्तरण गरिएको ।

**५२ जना**
बालबालिकालाई स्पोन्सरशिप इनोभेसन परियोजना अन्तर्गत मिडिया तथा कथा-लेखन तालिम प्रदान।

**२,000**
**किशोर-किशोरी स्वास्थ्य फ्लिपचार्ट** वटा किशोर-किशोरी स्वास्थ्य फ्लिपचार्टमार्फत स्वास्थ्य सचेतनामा सहयोग पुऱ्याइएको ।

कक्षाकोठा इन्सुलेसन (तापक्रम व्यवस्थापन) **कैलाली जिल्लाका ७ विद्यालयका २८ कक्षाकोठाहरूमा इन्सुलेसन** गरिएको छ । यसले सिकाइ वातावरणमा सुधार ल्याएको छ र गर्मी महिनामा कक्षाकोठाको तापक्रम १० डिग्री सेल्सियससम्म कम भई थप सहज सिकाइ स्थलहरू सिर्जना भएका छन् ।



# अनुदान परियोजनाहरू

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले थुप्रै अनुदानमा आधारित पहलहरू कार्यान्वयन गर्दछ, जसले यसका क्षेत्रगत कार्यक्रम (Area Programme) का कार्यहरूलाई पूरक बनाउँछन् र जोखिममा रहेका बालबालिका तथा समुदायहरूलाई असर गर्ने विशेष विकास चुनौतीहरूलाई सम्बोधन गर्दछन् । यी परियोजनाहरूले स्थानीय प्रणालीहरूलाई सुदृढ बनाउँछन्, कार्यक्रमको पहुँच विस्तार गर्छन् र नवीन दृष्टिकोणहरूको परीक्षण गर्छन् जसलाई पछि व्यापक कार्यक्रमहरूमा विस्तार गर्न सकिन्छ ।

आर्थिक वर्ष २०२५ मा, अनुदान प्राप्त परियोजनाहरूले स्थानीय सरकार, विद्यालय र समुदायमा आधारित संस्थाहरूसँगको सहकार्यमार्फत समावेशी शिक्षा प्रणाली, विपद् प्रतिरोध क्षमता र सामुदायिक क्षमता सुदृढीकरणमा ध्यान केन्द्रित गरे। दुई मुख्य पहलहरू–सिकाइ+ (Sikai+) र समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण (CBDRR) ले क्रमश: बालबालिकाको सिकाइ वातावरणमा सुधार ल्याउन र आपत्कालीन समयमा बालबालिकाको सुरक्षाका लागि सामुदायिक पूर्वतयारी सुदृढ गर्न उल्लेखनीय प्रभाव प्रदर्शन गरेका छन् ।



# सिकाइ (Sikai+): मधेशमा समावेशी सिकाइको सुदृढीकरण

## परियोजनाको सारांश

सिकाइ+ परियोजनाको उद्देश्य मधेश प्रदेशका अति जोखिममा रहेका बालबालिकाको गुणस्तरीय शिक्षामा समान पहुंच र सहभागिता सुनिश्चित गर्नु हो। यस परियोजनाले समावेशी विद्यालय वातावरणमा सुधार ल्याउने, सुशासन प्रणालीलाई सुदृढ बनाउने र बालबालिकाको शिक्षामा सहयोग पुऱ्याउन परिवारहरू–विशेष गरी महिलाहरूलाई सशक्त बनाउने कुरामा ध्यान केन्द्रित गर्दछ ।

रौतहट र सर्लाही जिल्लाका छ वटा पालिकाहरूमा कार्यान्वयन गरिएको सिकाइ+ ले विद्यालय र समुदायहरूलाई बालमैत्री सिकाइ वातावरण सिर्जना गर्न सहयोग गर्दछ, जसले बालबालिकालाई–विशेष गरी सीमान्तकृत समूह र अपाङ्‌ता भएका बालबालिकालाई–शैक्षिक रूपमा सफल हुन सक्षम बनाउँछ ।





## मुख्य उपलब्धिहरू

**समावेशी शिक्षण विधि मा तालिम प्राप्त शिक्षकहरू**
**३६२** शिक्षक

| पुरुष | महिला |
|---|---|
| ११७ | २४५ |

**तालिम प्राप्त प्रारम्भिक बाल विकास र शिक्षा (ECED) र प्रारम्भिक कक्षाका शिक्षकहरू**
**२८१** प्रारम्भिक कक्षा र **८१** प्रारम्भिक बाल विकास तथा शिक्षा शिक्षक

**प्रारम्भिक पहिचान परीक्षणमा सहभागी बालबालिका**
**१९,८८९** बालबालिका

**समावेशी शिक्षण विधि लागू गर्ने विद्यालयहरू**
**४ वटा** विद्यालय

**बालमैत्री सिकाइ सामग्रीले सुसज्जित कक्षाकोठाहरू**
**४३** विद्यालयका **९५** कक्षाकोठाहरू

**महिला समूहद्वारा परिचालन गरिएको बचत**
**३,१४,९१०** रूपैयाँ

**'शिक्षाका लागि महिला बचत' (S4E) समूहहरू गठन**
**१५** समूह (**३४०** सदस्य)

**'सिकाइको लागि सर्वव्यापी ढाँचा' (UDL) मा तालिम प्राप्त शिक्षकहरू**
**८०** शिक्षक

| पुरुष | महिला |
|---|---|
| ४० | ४० |

**वित्तीय साक्षरता अभिमुखीकरण प्राप्त गरेका बालबालिका**
**४९४** बालबालिका

**प्रारम्भिक अपाङ्गता पहिचान परीक्षणका बारेमा तालिम प्राप्त सहभागीहरू**
**१०५** शिक्षक र विद्यार्थी मूल्याङ्कन सम्बन्धी प्राविधिक समिति (SATC) सदस्यहरू

यी उपलब्धिहरूले समावेशी शिक्षण अभ्यासहरूको कार्यान्वयनका लागि शिक्षकहरूको क्षमता सुदृढ गर्नुका साथै मधेश प्रदेशका हजारौं बालबालिकाको सिकाइ वातावरणमा सुधार ल्याएका छन् ।

## बालबालिका र विद्यालयहरूमा परेको प्रभाव

शिक्षक तालिम, सुधारिएको कक्षाकोठा वातावरण र सामुदायिक संलग्नतामार्फत सिकाइ+ ले थप समावेशी र सहयोगी सिकाइ वातावरण निर्माणमा योगदान पुऱ्याएको छ । शिक्षकहरूले अहिले बालमैत्री शिक्षण विधिहरू अपनाउने र स्थानीय रूपमा उपलब्ध स्रोतहरूको प्रयोग गरी सिकाइ सामग्रीहरू विकास गर्ने गर्दछन्, जसले कक्षाकोठालाई विविध सिकाइ आवश्यकता भएका बालबालिकाका लागि थप आकर्षक र पहुँचयोग्य बनाएको छ ।

प्रारम्भिक पहिचान परीक्षणका क्रियाकलापहरूले विद्यालय र समुदायलाई थप सिकाइ वा स्वास्थ्य सहयोग आवश्यक पर्ने बालबालिकाहरू पहिचान गर्न सक्षम बनाएको छ, जसले गर्दा अपाङ्गता भएका बालबालिकालाई शिक्षा प्रणालीभित्र अझ राम्रोसँग सहयोग पुगेको सुनिश्चित भएको छ ।

'शिक्षाका लागि महिला बचत' समूहहरूले वित्तीय साक्षरता प्रवर्द्धन गरेर र परिवारहरूलाई आफ्ना बालबालिकाको शिक्षामा लगानी गर्न प्रोत्साहित गरेर बालबालिकाको पढाइका लागि घरेलु सहयोगलाई थप मजबुत बनाएका छन् ।

**रौतहटको बौधिमाई आधारभूत विद्यालयका एक शिक्षक भन्छन् :**
"तालिमपछि शिक्षकहरूले नियमित रूपमा दैनिक कार्यतालिका तयार पार्न र बालमैत्री सिकाइ सामग्री प्रयोग गर्न थालेका छन्। थप सहयोग आवश्यक पर्ने विद्यार्थीहरूलाई अहिले थप समय र सामूहिक सिकाइको अवसर दिएको छ ।"

"विद्यार्थीहरूको नियमितता ५० प्रतिशतबाट उल्लेख्य रूपमा बढेर ९३ प्रतिशत पुगेको छ," श्री आधारभूत विद्यालय, शिवनगर, गरूडाका प्रधानाध्यापक बताउँछन् ।








# समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण (CBDRR)

## परियोजनाको सारांश

» समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण परियोजनाले अछाम र कैलाली जिल्लाका विपद्-जोखिममा रहेका समुदायहरूको उत्थानशीलता सुदृढ गर्दछ । यस पहलले पूर्वतयारीमा सुधार ल्याउने, विपद् जोखिम न्यूनीकरण गर्ने र बाढी तथा पहिरो जस्ता प्रकोपहरूको प्रभावकारी प्रतिकार्यका लागि सामुदायिक क्षमता सुदृढ गर्ने कुरामा ध्यान केन्द्रित गर्दछ ।

यस परियोजनाले आपत्कालीन समयमा बालबालिकाको सुरक्षाका लागि परिवारहरू अझ राम्ररी तयार छन् भन्ने सुनिश्चित गर्न विपद् जोखिम न्यूनीकरणलाई जलवायु-अनुकूल जीविकोपार्जन र सामुदायिक बचत संयन्त्रसँग एकीकृत गरेको छ ।



## मुख्य उपलब्धिहरू

**विद्यालय स्तरका विपद् जोखिम न्यूनीकरण (DRR) अभिमुखीकरण सञ्चालन**
अछामका ५ वटा विद्यालय

**विपद् जोखिम न्यूनीकरण सचेतना सत्रमार्फत लाभान्वित बालबालिका**
२४० बालबालिका

**विपद् पूर्वतयारीमा तालिम प्राप्त विद्यार्थी तथा शिक्षकहरू**
२५२ सहभागी

**विपद् व्यवस्थापन सम्बन्धी अन्तर-विद्यालय अतिरिक्त क्रियाकलापका सहभागीहरू**
५८६ विद्यार्थी १४ वटा कार्यक्रम;

छात्र ३५० छात्रा २३६

**स्थानीय आपत्कालीन कार्य सञ्चालन (LEOCs) निर्माण**
२ वटा

**जलवायुसम्बन्धी कृषक पाठशाला (Climate Field Schools) स्थापना**
२० वटा विद्यालय

**जलवायु-अनुकूल कृषिमा तालिम प्राप्त समुदायका सदस्यहरू**
५०० जना

**'रूपान्तरणका लागि बचत' (S4T) समूहमा आवद्ध सदस्यहरू**
४४८ सदस्य

**सुदृढ घरपरिवार र उत्थान्शिलता कार्यक्रमहरूबाट लाभान्वित बालबालिका**
११८ बालबालिका

**बहुउद्देशीय सुरक्षित आश्रयस्थल निर्माण**
बाढीको जोखिममा रहेको समुदायमा १ आश्रयस्थल

**सामुदायिक बाढी न्यूनीकरण कार्य कार्यान्वयन**
२०० भन्दा बढी बासिन्दाहरूको जोखिम न्यूनीकरण

यी पहलहरूले बालबालिकामा विपद् सम्बन्धी सचेतना बढाउनुका साथै जोखिमपूर्ण क्षेत्रका घरधुरी र समुदायको उत्थानशीलतामा सुधार ल्याएका छन् ।



## समुदाय तथा बालबालिकामा परेको प्रभाव

समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण (CBDRR) परियोजनाले सामुदायिक पूर्वतयारी र घरधुरीको उत्थानशीलता दुवैलाई सुदृढ बनाएको छ, जसले गर्दा समुदायहरू विपद् जोखिमबाट बालबालिकालाई जोगाउन अझ सक्षम भएका छन् ।

विद्यालयमा आधारित विपद् सचेतना क्रियाकलापमा सहभागी बालबालिकाले जोखिम नक्साङ्कन, पूर्व सूचना प्रणाली र पूर्वतयारीका उपायहरूको बारेमा ज्ञान प्राप्त गरे। यसले उनीहरूलाई आफ्नो परिवार र समुदायसंग सुरक्षा सम्बन्धी जानकारी साझा गर्दै परिवर्तनका संवाहकको रूपमा कार्य गर्न सक्षम बनाएको छ ।

समुदायमा आधारित यी पहलहरूले परियोजना सहभागीहरूको आर्थिक अवस्थालाई सुदृढ बनाएको छ, जसका कारण परिवारहरूले बालबालिकाको शिक्षा र अधिकारको संरक्षण गर्न सकिरहेका छन्। साथै, यसले जलवायु परिवर्तनबाट उत्पन्न चुनौतीहरूको प्रभावकारी रूपमा सामना गर्न सक्षम बनाएको छ । कैलाली जिल्लाको टीकापुर र जानकी नगरपालिका तथा अछाम जिल्लाको पञ्चदेवल विनायकमा बहुउद्देश्यीय सुरक्षित आश्रयस्थलहरू निर्माण गरिएका छन्। यी आश्रयस्थलहरू सामान्य समयमा सामुदायिक कार्यक्रमका लागि प्रयोग गर्न सकिन्छ भने आपत्कालीन समयमा विपद् प्रतिरोधी केन्द्रका रूपमा विपद्बाट प्रभावित वा विस्थापित व्यक्तिहरूलाई तत्काल आश्रय प्रदान गर्न प्रयोग गरिन्छ ।




बहुउद्देश्यीय सुरक्षित आश्रयस्थल र बाढी न्यूनीकरणका कार्यहरू (समुदायको जोखिम नक्सा प्रदर्शन, बाढी मापन सूचक जडान, साइरन र स्थानीय/सामुदायिक विपद् व्यवस्थापन समितिलाई उपकरण सहयोग) जस्ता पूर्वाधार लगानीले पनि विपद् जोखिम कम गरेको छ र आपत्कालीन समयमा समुदायका लागि सुरक्षित स्थानहरू सिर्जना गरेको छ ।



# बजेट र सहयोग


- वित्तीय व्यवस्थापन (१३.१४५ **मिलियन** अमेरिकी डलर)

**२.१ मिलियन** अमेरिकी डलर प्राविधिक अनुगमन तथा प्रशासनिक सुदृढीकरणका लागि ।




**११.१ मिलियन** अमेरिकी डलर प्रत्यक्ष रूपमा समुदाय विकास कार्यक्रमहरूमा खर्च गरिएको ।

**कार्यक्रम क्षेत्रअनुसार खर्च**



# हाम्रा साझेदार संस्थाहरू

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको स्थानीयकरणप्रतिको प्रतिबद्धता अनुरूप, देशभरका २७ वटा साझेदार गैरसरकारी संस्था र ७ वटा अन्य सहकार्य संस्थाहरूलाई सशक्त बनाउन लक्षित क्षमता विकास पहल कार्यान्वयन गरिएको थियो। २०२४ को वृहत संस्थागत क्षमता लेखाजोखाका निष्कर्षहरूमा आधारित उक्त कार्यक्रमले सुशासन, नीति विकास, सुरक्षा (सेफगार्डिङ), सञ्चार, तथा वित्तीय दिगोपन जस्ता स्थानीय नेतृत्वमा आधारित विकासका प्रमुख आधारहरूमा रहेका महत्वपूर्ण कमीहरूलाई सम्बोधन गरेको थियो ।

यसको परिणामस्वरूप, साझेदार संस्थाहरू विश्वसनीय, दिगो तथा स्वतन्त्र विकासकर्ताका रूपमा स्थापित भएका छन् । यसले स्थानीय स्वामित्वलाई सुदृढ बनाउँदै समुदायप्रतिको उत्तरदायित्व सुधार गरेको छ र दीर्घकालीन प्रभावका लागि अझ उत्थानशील तथा प्रभावकारी प्रणालीहरूको विकासमा योगदान पुऱ्याएको छ ।

## आर्थिक वर्ष २०२५ (अक्टोबर २०२४ देखि सेप्टेम्बर २०२५ सम्म)मा वर्ल्ड भिजन इन्टरनेशनल नेपालका साझेदार संस्थाहरूको सूची

| क्र.सं. | साझेदार संस्थाको नाम | जिल्ला | परियोजना/कार्यक्रमको नाम |
|---|---|---|---|
| १ | सामाजिक रूपान्तरण तथा मानविय सहायता संघ (आस्था) नेपाल | अछाम | PCESP[1] |
| २ | बागमती सेवा समाज नेपाल (BWSN) | सर्लाही | PCESP |
| ३ | पहुंच र सृजनाका लागि सहकार्य नेपाल (CEAD) | डोटी | PCESP |
| ४ | सामुदायिक विकास समिति (CDS) | काठमाडौं | PCESP, BRiCKK |
| ५ | सामुदायिक विकास केन्द्र (CDC) | डोटी | PCESP, SAFE |
| ६ | सामाजिक विकासका लागि सचेत समाज (CSSD) | कैलाली | CBDRR[2] |
| ७ | दलित सहयोग समाज (DHS) | बझाङ | NRL, WNER |
| ८ | दलित समाज उत्थान समिति नेपाल (DSWCN) | महोत्तरी | PCESP |
| ९ | दिगो विकास समाज (DBS) | कैलाली | NRL[3], PIPER[4] |
| १० | गुड नेबर्स नेपाल (GNN) | काठमाडौं | NRL |
| ११ | मानव अधिकार तथा वातावरण विकास केन्द्र (HURENDEC) | उदयपुर | NRL |
| १२ | एकिकृत ग्रामिण विकास समाज (IRDS) | महोत्तरी | NRL |
| १३ | जाल्पा एकीकृत विकास समाज (JIDS) | उदयपुर | PCESP |
| १४ | कर्णाली एकिकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (KIRDARC) | जुम्ला | PCESP, RISE[5] II |
| १५ | नेपाल राष्ट्रिय समाज कल्याण संघ (NNSWA) | कञ्चनपुर | PCESP, IQE, B4G[6] |
| १६ | पाँचतारा युवा संरक्षक मञ्च (PTYSM) | जाजरकोट | PCESP, IQE, WNER |
| १७ | प्रगतिशील युवा समाज (PYS) | बझाङ | PCESP, IQE, TELOS[7], PRAISE[8] |
| १८ | राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्र (RRPK) | सर्लाही | NRL, Ujyalo Sarlahi, SIKAI |
| १९ | रिलिफ नेपाल | सिन्धुली | PCESP |
| २० | ग्रामीण सामुदायीक विकास केन्द्र (RCDC) | लमजुङ | PCESP, NRL |
| २१ | ग्रामीण विकास केन्द्र (RDC) Nepal | रौतहट | NRL |
| २२ | ग्रामीण महिला विकास तथा एकता केन्द्र | काठमाडौं | AATSE[9] |
| २३ | सिन्धुली एकिकृत विकास सेवा (SIDS) | सिन्धुली | NRL |
| २४ | सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल | दैलेख | PCESP, IQE |
| २५ | बाल कल्याण संघ, टिकापुर (WACT) | कैलाली | PCESP |
| २६ | वाक नेपाल (WAC Nepal) | अछाम | NRL, CBDRR, SEWA[10] |
| २७ | विकासका लागि युवा ऐक्यबद्धता (YARD) | कैलाली | IQE |

1 Protection and Community Engagement and Sponsorship Project
2 Community-Based Disaster Risk Reduction
3 Nutrition and Resilient Livelihoods
4 Plastic Insulation Polyfloss for Economic Roofing
5 Raising Income through Small Enterprise and Employment
6 Basic for Girls
7 Technology Embedded Learning Opportunity for Students
8 Promoting Resilience in School Education
9 Amplifying Advocacy through Strategic Engagement
10 Strengthened Health & WASH facilities and its Accessibility

## आर्थिक वर्ष २०२५ मा वर्ल्ड भिजन इन्टरनेशनल नेपालसँग पैरवी कार्यक्रम, प्राविधिक सहयोग, आपतकालीन प्रतिकार्य तथा कार्यक्रम मूल्याङ्कनमा सहकार्य गर्ने साझेदार संस्थाहरूको सूची

| क्र.सं. | साझेदार संस्थाको नाम | जिल्ला | परियोजना/कार्यक्रमको नाम |
|---|---|---|---|
| १ | सामुदायिक रेडियो प्रसारक संघ (ACORAB) नेपाल | काठमाडौं | Media campaign |
| २ | जागृति बाल तथा युवा सरोकार नेपाल (JCYCN)/ राष्ट्रिय बालमैत्री स्थानीय शासन | काठमाडौं | CFLG |
| ३ | एडूटेक नेपाल | बझाङ | TELOS |
| ४ | राष्ट्रिय अन्तरधार्मिक सञ्जाल नेपाल (NIRN) | काठमाडौं | MORAL Values, EWV[11], COH CP[12] |
| ५ | गैरसरकारी संस्था महासंघ नेपाल | काठमाडौं | SDG Localisation |
| ६ | प्रेरणा | ललितपुर | Sikai+ |
| ७ | सामाजिक विकास मञ्च | बाँके | PCESP |

11 Empowered World View
12 Channel of Hope for Child Protection

हाम्रो सामाजिक सञ्जालहरूसँग जोडिन
यहाँ स्क्यान गर्नुहोस्

World Vision


## वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

### राष्ट्रिय कार्यालय
केसी टावर, कुसुन्ती, ललितपुर-१३
पोष्ट बक्स २१९६९
फोन: +९७७-०१-५९७०८७७
ईमेल: www.wvi.org/nepal

### पूर्वी क्षेत्रीय कार्यालय
घर नं. ४१५, बर्दिबास नगरपालिका-१, महोत्तरी
फोन: +९७७-४४-५५०५२०

### पश्चिम क्षेत्रीय कार्यालय
हसनपुर, धनगढी उपमहानगरपालिका-५, कैलाली,
फोन: +९७७-९१-५२४०३२

### प्रतिक्रियाको लागि:
टोल-फ्री नम्बर: १६६०-०१-०००१४
एनसेल नम्बर: ९८०१५७१०१४
इमेल: npl_feedback@wvi.org